फोन नं ०६९-५२११८८

गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# बेनी अस्पताल

म्याग्दी

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सुचना प्रकाशित मिति : २०८१।०८।२४ गते)**

यस बेनी अस्पताल व्यवस्थापन समितिको मिति २०८१।०८।११ गतेको निर्णय अनुसार अस्पताल व्यवस्थापन समिति अर्न्तगत रिक्त पदमा **"सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९"** बमोजिम कर्मचारी पदपुर्ति गर्नु पर्ने भएकाले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र वा सो दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट दरखास्त फारम भरी यस कार्यालयमा पेश गर्नुहुन सम्वन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| क.सं | विज्ञापन नं | पद /श्रेणी | न्यूनतम शैक्षिक योग्यता | माग पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | १४/०८१/८२ | क.जनरल फिजिसियन/नवौ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ईन्टरनल मेडिसिन विषयमा स्नातकोत्तर उर्तिण भई मेडिकल काउन्सिलमा दर्ता भएको । | १ | |

१. **दरखास्त फारम**: यस अस्पतालको प्रशासन शाखाबाट उपलब्ध हुनेछ । साथै यस बेनी अस्पतालको वेभसाइट benihospital.gandaki.gov.np मार्फत डाउनलोड गरी दरखास्त फारम साथ संलग्न गर्नुपर्ने कागजातहरु सहित यस अस्पतालमा स्वंय उपस्थित भई वा अस्पतालको इमेल ठेगाना benihospital1@gamil.com मा आवेदन पेश गर्नुपर्नेछ ।

२. **पेश गर्नुपर्ने कागजातहरु** :उम्मेदवारको विवरण, २ प्रति पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, म्याद कायम रहेको नविकरण गरिएको सम्बन्धित विषयको काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपि साथै अनुभवका प्रमाणपत्र सहितको निवेदन र विदेशी विश्व विद्यालयको हकमा समकक्षता निर्धारणको प्रमाणपत्र पेश गरेको हुनुपर्नेछ ।

३. **उमेर हद** : दरखास्त दिने अन्तिम मिति सम्म २३ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

४ **परिक्षा शुल्क** - रु.१२००।०० (एक हजार दुई सय रुपैया मात्र) परिक्षा शुल्कको लागि नेपाल बैंक लिमिटेडको शाखा कार्यालय, म्याग्दीमा रहेको विविध खाता नं: ०६३०२०००००२००६००००१) र कार्यालय कोड : ३५००९४४०१४ मा जम्मा गरी भौचरको प्रतिलिपि कागजात सहित बुझाउनुपर्नेछ ।

५.**तलव स्केल** : प्रचलित कानुन बमोजिम सम्बन्धित तहको सम्बन्धित तहको शुरु तलब स्केल साथै अन्य सेवा सुविधा अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम उपलब्ध हुनेछ ।

६.**छनौटको किसिम** : गण्डकी प्रदेशको सेवा करारमा चिकित्सक तथा स्वास्थ्यकर्मी व्यवस्थापन कार्यविधि २०७९ अनुसार गरिने छ ।

७.**करार अवधि** : २०८२ असार मसान्तसम्म ।

८.**दरखास्त दिने अन्तिम मिति** : यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनको कार्यालय समय भित्र र उक्त दिन सार्वजानिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र ।

९.**सर्म्पक मिति** :२०८१।०९।०९ गते ।

१०.**परिक्षा मिति** : सर्म्पक मितिमा तोकिनेछ ।

११..**थप जानकारीको लागि** :यस कार्यालयको वेबसाइट benihospital.gandaki.gov.np हेर्नुहुन वा कार्यालय समय भित्र फोन नं ०६९-५२११८८ मा सम्पर्क गर्न सकिने छ ।

१२.. सुचनामा उल्लेख भए वाहेकका अन्य कुराहरु कार्यालयको निर्णय वमोजिम हुनेछ ।

पदपुर्ति समिति संयोजक

डा.रवि प्रधान
प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

Scanned with CamScanner